# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


प्रेस विज्ञप्ति
२०७४ फागुन २८

## यौनजन्य हिंसा तथा बलात्कारका घटनाहरूमा वृद्धि हुँदै गएकोमा आयोगको चासो

देशमा पछिल्लो समय दिन प्रतिदिन यौनजन्य हिंसा तथा बलात्कारका घटनाहरूमा वृद्धि हुँदै गएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगको अनुगमन तथा सञ्चार माध्यमहरूबाट प्राप्त जानकारी अनुसार गत मङ्सिर महिना देखि हाल सम्म करिब दर्जन महिला तथा बालिकाहरू यौनजन्य हिंसा तथा बलात्कारका घटनाबाट पीडित भएको बुझिएको छ । नेपालको संविधानले यौनजन्य हिंसालाई कानुन बमोजिम दण्डनीय रहेको उल्लेख गर्दै यी घटनाबाट पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ । तर व्यहारमा सामूहिक बलात्कारको घटना समेतलाई सामाजिक वा पारिवारीक डर, धम्की र आर्थिक प्रलोभन देखाई मेलमिलाप गराइनु र बलात्कार जस्तो गम्भीर प्रकृतिको मानव अधिकार उल्लंघनका घटनामा संलग्न दोषीहरूलाई प्रभावकारी कारबाही नहुनुले पीडितहरू न्यायबाट वञ्चित हुने गरेको देखिन्छ । घटनाको सम्बन्धमा केही सञ्चार माध्यमबाट पीडितको पहिचान हुनेगरी तस्वीर सहितको समाचार प्रकाशन गरिनुले पीडितको गोपनियताको अधिकारमा गम्भीर असर पर्न गएको देखिन्छ । अत: यसतर्फ सचेत रहँदै समाचार प्रकाशन गर्न र संवेदनशीलता अपनाउन आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ । साथै बलात्कार लगायत अन्य हिंसा पीडितको तस्वीर सामाजिक सञ्जालमा राख्ने प्रवृत्ति बढ्दो छ, यसबाट पीडितमा पर्न जाने असरबारे सचेत हुन सबै पक्षमा आयोग आग्रह गर्दछ ।

हिंसा पीडित महिलाहरू न्यायका लागि पहल गर्ने क्रममा स्थानीय प्रशासन, प्रहरी र सरकारी वकीलको कार्यालयहरूले संवेदनशील भई न्यायिक प्रक्रिया अगाडि बढाउन आयोग विशेष आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org